# वित्तीय सहयोग नीतिको सरल भाषामा सारांश

हेलेन एम. सिम्प्सन रिहेबिलिटेसन हस्पिटल (Helen M. Simpson Rehabilitation Hospital) ले भुक्तानी गर्न नसक्ने बिरामीहरूलाई चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि वित्तीय सहयोग उपलब्ध गराउँछ । तल हेलेन एम. सिम्प्सन रिहेबिलिटेसन हस्पिटलमा उपलब्ध वित्तीय सहयोगको सारांश दिइएको छ ।

<u>प्रस्तावित वित्तीय सहयोग</u>- यदि तपाईंसँग बीमा छैन भने हामीले चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि वित्तीय सहयोग उपलब्ध गराउँछौं । योग्य स्याहारमा Medicare द्वारा परिभाषित गरिएका चिकित्सकीय रूपमा आवश्यक सेवाहरू (रोग वा चोटपटकको निदान वा उपचारका लागि उचित तथा आवश्यक सेवा वा वस्तुहरू) पर्दछन् ।

यदि तपाईंको परिवारको आय सङ्घीय गरिबी आयसम्बन्धी निर्देशिकाहरूको 250% भन्दा बढी हुँदैन भने तपाईंले निःशुल्क स्याहार प्राप्त गर्नुहुन्छ वा बीमाले भुक्तानी गरिसकेपछि बिरामीको दायित्वलाई 100% अपलेखन (दायित्वबाट हटाउने) गरिनेछ । Medicaid कभरेजका लागि सबै आवेदकहरूको स्क्रिनिङ गरिनेछ र आवेदकहरूले वित्तीय सहयोगका लागि योग्य भए, नभएको भनेर विचार गरिनका लागि Medicaid का प्रतिनिधित्वहरूसँग अनिवार्य रूपमा सहकार्य गर्नुपर्छ ।

<u>योग्य हुनका लागि थप तरिकाहरू</u>- यदि तपाईंले माथिको आयसम्बन्धी मापदण्डहरूलाई पूरा गर्नुहुन्न भने तपाईंको बीमाको स्थिति जेजस्तो भएतापनि तपाईंलाई वित्तीय सहयोगका लागि केसको स्थिति अनुसार विचार गरिनेछ । असाधारण व्यक्तिगत वा वित्तीय परिस्थितिहरूका बारेमा छलफल गर्न वा हेलेन एम. सिम्प्सन रिहेबिलिटेसन हस्पिटलका मेडिकल स्टाफद्वारा मात्र उपचार उपलब्ध गराउन सकिने विशेष चिकित्सकीय परिस्थितिहरू भएमा हामीलाई सम्पर्क गर्नुहोस् ।

<u>तपाईंलाई कति शुल्क लगाइनेछ</u>- यदि तपाईंले हाम्रो नीति अन्तर्गत वित्तीय सहयोग प्राप्त गर्नुहुन्छ भने तपाईंलाई चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि हामीले साधारणतया Medicare कभरेज भएका बिरामीहरूलाई लगाउने शुल्कभन्दा बढी शुल्क लगाइनेछैन ।

<u>हाम्रो नीति र आवेदनका प्रतिहरू कसरी प्राप्त गर्ने</u>- तपाईंले निम्न तरिकाहरू मध्ये कुनै पनि तरिका प्रयोग गरेर हाम्रो पूर्ण वित्तीय सहयोग नीति, सरल भाषामा सारांश र आवेदन फारामको प्रति निःशुल्क प्राप्त गर्न सक्नुहुन्छ: (1) हेलेन एम. सिम्प्सन रिहेबिलिटेसन हस्पिटलको वेबसाइट https://www.simpson-rehab.com □□, (2) हाम्रो भर्ना क्षेत्रमा वा (3) हाम्रो सेन्ट्रल बिजनेस अफिसलाई (888)868-1103 मा फोन गरेर ।

सहयोगका लागि कसरी आवेदन दिने र कसरी सहयोग प्राप्त गर्ने- आवेदन भरेर तथा बुझाएर र आयसम्बन्धी जानकारी उपलब्ध गराएर तपाईंले भर्ना वा बिल तयार गर्ने प्रक्रियाको कुनै पनि समयमा आवेदन दिन सक्नुहुनेछ । आफै आएर, अनलाइन, हुलाक वा कसैमार्फत भरेर बुझाइएका सबै वित्तीय सहयोग आवेदनहरूलाई मूल्याङ्कन तथा अगाडिका प्रक्रियाहरूका लागि सेन्ट्रल बिजनेस अफिसमा पठाइनेछ । यदि तपाईंलाई आवेदन दिनमा कुनै पनि मद्दत आवश्यक पर्छ भने हाम्रा सेवास्थलमा रहेका भर्ना विभागलाई सम्पर्क गर्नुहोस् वा सेन्ट्रल बिजनेस अफिसलाई (888)868-1103 मा फोन गर्नुहोस् ।

वित्तीय सहयोग नीति, आवेदन फारम र यो सारांशका प्रतिहरू अंग्रेजी तथा स्पेनिस भाषाहरूमा उपलब्ध छन् ।